# प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२
# पर्यवेक्षण प्रतिवेदन

**२०८२ चैत २१ गते**



मानव अधिकार र सामाजिक न्यायका निम्ति

## अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**नागार्जुन नपा-१०, स्यूचाटार,काठमाडौँ, पत्रमञ्जुषाः २७२६, काठमाडौँ, फोनः ५२१८७७०**
**इमलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org**

# भूमिका

लोकतान्त्रिक अभ्यासको निरन्तरता र सुदृढीकरणका लागि निर्वाचन एक महत्वपूर्ण आधारस्तम्भ हो । जनताको सार्वभौम अधिकारको प्रयोगमार्फत शासन प्रणालीलाई वैधता प्रदान गर्ने यस प्रक्रियामा पारदर्शिता, निष्पक्षता र विश्वसनीयता सुनिश्चित हुनु अपरिहार्य हुन्छ। यही सन्दर्भमा इन्सेकले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको पर्यवेक्षण सम्पन्न गरेको छ ।

यस निर्वाचन पर्यवेक्षणका क्रममा देशभर परिचालित पर्यवेक्षकहरूले मतदान प्रक्रिया, आचारसंहिताको पालना, सुरक्षा व्यवस्थापन, मतदाता सहभागिता तथा मतगणना प्रक्रियासम्मका विभिन्न पक्षहरूको सुक्ष्म अध्ययन गरेका छन् । प्राप्त तथ्य, अनुभव र अवलोकनहरूलाई समेटेर तयार पारिएको यो प्रतिवेदन निर्वाचन आयोग नेपाल समक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई खुशी लागेको छ ।

यस अवसरमा सफलतापूर्वक निर्वाचन सम्पन्न गराउनेतर्फ महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्वाचन आयोग नेपालप्रति इन्सेक हार्दिक धन्यवाद ज्ञापन गर्दछ। निर्वाचन व्यवस्थापन, समन्वय तथा समग्र प्रक्रिया प्रभावकारी ढंगले सञ्चालन गर्न आयोगले गरेको प्रयास सराहनीय रहेको हामी ठान्दछौँ । साथै, निर्वाचनको शान्तिपूर्ण, सुरक्षित र व्यवस्थित सञ्चालन सुनिश्चित गर्न योगदान पुऱ्याउने सुरक्षा निकायहरूप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं । लोकतान्त्रिक प्रतिस्पर्धालाई संस्थागत मर्यादाभित्र राख्दै निर्वाचन प्रक्रियामा सहभागी हुने राजनीतिक दलहरू तथा तिनका प्रतिनिधिहरूको भूमिकाका लागि इन्सेक धन्यवाद ज्ञापन गर्दछ ।

लोकतन्त्रको मूल आधारका रूपमा रहेका आम नागरिक तथा मतदाताहरूले देखाएको उत्साहजनक सहभागिता, धैर्यता र जिम्मेवार आचरणप्रति हामी विशेष कृतज्ञता प्रकट गर्दछौँ । मतदाताको सक्रिय सहभागिताविना कुनै पनि निर्वाचन अर्थपूर्ण हुन सक्दैन भन्ने तथ्य यस निर्वाचनले पुनः पुष्टि गरेको छ । इन्सेकले आफ्नो स्थापनाकालदेखि नै मानव अधिकार संरक्षण र प्रवर्द्धनका साथै लोकतान्त्रिक अभ्यासको सुदृढीकरणमा निरन्तर योगदान पुऱ्याउँदै आएको छ । निर्वाचन पर्यवेक्षण पनि त्यही प्रतिबद्धताको अभिन्न अङ्ग हो । यस प्रतिवेदनले निर्वाचन प्रक्रियाका सकारात्मक पक्षहरूलाई उजागर गर्नुका साथै देखिएका कमजोरीहरूलाई सुधारका अवसरका रूपमा प्रस्तुत गरेको छ भन्ने हाम्रो विश्वास छ ।

यस प्रतिवेदनमा समावेश निष्कर्ष तथा सिफारिसहरूले आगामी दिनमा निर्वाचन प्रणालीलाई अझ बढी पारदर्शी, समावेशी र विश्वसनीय बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनेछन् । यस महत्वपूर्ण कार्यमा संलग्न सम्पूर्ण पर्यवेक्षकहरू तथा सहयोगी संस्थाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**विजयराज गौतम**
अध्यक्ष

# विषय सूची


(क) कार्यकारी सारांश

(ख) पृष्ठभूमि र परिचय

- १. पर्यवेक्षणको तयारी
- २. उद्देश्य
- ३. महत्व
- ४. पर्यवेक्षण गरिएका भौगोलिक अवस्था र स्थानीय तह
- ५. पर्यवेक्षण संस्थाको संरचना र प्रशासनिक व्यवस्था

ग. प्रकृया र विधि

घ. तथ्याङ्क तथ्य र विश्लेषण

- १. मतदान पूर्वका दिन
- २. मतदानको दिन

ङ. निष्कर्ष

च. सुझाव तथा सिफारिसहरू

छ. अनुसूची

# (क) कार्यकारी सारांश

प्रतिनिधि सभाको निर्वाचन फागुन २१ गते सम्पन्न भयो । यो निर्वाचनमा करिब ६० प्रतिशत मतदान भएको निर्वाचन आयोगले जनाएको छ । नेपालको संघीय संसद् अन्तर्गतको प्रतिनिधि सभाका लागि कूल २ सय ७५ सदस्य निर्वाचित गरिने व्यवस्था छ । यसमध्ये १ सय ६५ जना प्रत्यक्ष निर्वाचन प्रणाली (पहिलो हुने विजयी) बाट र १ सय १० जना समानुपातिक प्रतिनिधित्व प्रणालीबाट चयन भएका छन् । प्रत्येक मतदाताले दुई मतपत्र प्रयोग गर्ने व्यवस्था गरिएको थियो । एक प्रत्यक्ष उम्मेदवारका लागि र अर्को राजनीतिक दलको समानुपातिक सूचीका लागि । समानुपातिक प्रणालीअन्तर्गत दलहरूले कम्तीमा ३ प्रतिशत मत प्राप्त गर्नुपर्ने कानुनी प्रावधान छ ।

निर्वाचनको मिति घोषणा भएदेखि नै व्याप्त अनेकौं शंका र आशंकाका बीच शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले निर्वाह गरेको भूमिका सराहनीय छ । इन्सेकले निर्वाचन घोषणा भएदेखि मतदान तथा मतगणनासम्मका गतिविधिहरूको मानव अधिकारका दृष्टिले अनुगमन गरेको थियो ।




स्रोत : निर्वाचन आयोग

राजनीतिक अस्थिरता र गत भदौ २३ र २४ गते नवयुवा पुस्ताले गरेको प्रदर्शनपछिको सङ्क्रमणकालीन परिस्थितिमा भएको यो निर्वाचनलाई लोकतन्त्रको पुनःस्थापना र संस्थागत स्थायित्वका दृष्टिले अत्यन्त महत्वपूर्ण रूपमा हेरिएको थियो । अघिल्लो प्रतिनिधि सभा विघटन भएपछि नयाँ जनादेश प्राप्त गर्न यो निर्वाचन घोषणा गरिएको थियो , जसले देशको राजनीतिक दिशा र आगामी सरकारको स्वरूप निर्धारण गर्नेछ ।

निर्वाचन आयोगका अनुसार यस पटक करिब १ करोड ८९ लाख मतदाता मताधिकार प्रयोग गर्न योग्य रहेका थिए । तीमध्ये उल्लेख्य संख्यामा पहिलो पटक मतदान गर्न लागेका युवा मतदाता थिए । युवापुस्ताको बढ्दो राजनीतिक चेतना र सहभागिताले चुनावी परिणाममा नयाँ सन्देश दिन सक्ने अनुमान गरिएको छ । यस पटक करिब ३ हजार ४ सयभन्दा बढी उम्मेदवार विभिन्न राजनीतिक दल र स्वतन्त्र हैसियतमा प्रतिस्पर्धामा थिए छन् भने ६० भन्दा बढी राजनीतिक दल निर्वाचन प्रक्रियामा सहभागी भएका थिए ।




स्रोत : निर्वाचन आयोग

निर्वाचनको पूर्वसन्ध्यामा आचारसंहिता कार्यान्वयन, मतदाता शिक्षा, सुरक्षा व्यवस्थापन तथा सीमाक्षेत्रमा विशेष सतर्कता अपनाइएको थियो । मतदानलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । मौन अवधिको पालना, प्रचार-प्रसारको नियन्त्रण तथा मतदातालाई स्वतन्त्र रूपमा मतदान गर्न प्रेरित गर्ने कार्यलाई प्राथमिकतामा राखिएको पाइयो ।

राजनीतिक रूपमा यो निर्वाचन केवल प्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र होइन, विगतका राजनीतिक उतार-चढाव, शासन प्रणालीप्रतिको जनअसन्तोष तथा सुधारको अपेक्षाबीच सम्पन्न यो निर्वाचनले भावी सरकारको नीति, प्राथमिकता र राजनीतिक संस्कार निर्धारण गर्नेछ । यो आम निर्वाचन नेपालका लागि लोकतान्त्रिक अभ्यासको अर्को महत्वपूर्ण परीक्षा हो । जनताको सक्रिय सहभागिता, पारदर्शी प्रक्रिया र विश्वसनीय नतिजामार्फत लोकतन्त्रप्रतिको विश्वास सुदृढ हुने अपेक्षा गरिएको छ । अबको निर्णय मतदाताको हातमा छ–जसले आगामी राजनीतिक यात्राको मार्गचित्र कोर्नेछ ।

यो निर्वाचनमा देखिएको जनताको उत्साह, दलहरू, युवा पुस्ता, महिला र दलित समुदायकोसमेत सहभागिताले शासन व्यवस्थामा जनताको स्वामित्व अभिबृद्धि हुने देखिन्छ । संविधान प्रदत्त अधिकारलाई जनताको घरदैलोमा पुऱ्याउन यो निर्वाचन महत्वपूर्ण छ । यसक्रममा निर्वाचन व्यवस्थापन, सुरक्षा प्रबन्ध र आमनागरिकको उत्साह प्रशंसनीय रह्यो । मतदाता नामावलीमा मतदाताको रङ्गीन चित्र हुनु र मतदाता परिचय पत्रको वितरण गरिनु यस निर्वाचनका असल पक्ष हुन् । निर्वाचन सफलतापूर्वक सम्पन्न हुन आमसञ्चार जगतले पुऱ्याएको योगदान महत्वपूर्ण रह्यो ।

यो निर्वाचन सम्पन्न भएसँगै सङ्क्रमणकाल अन्त्य हुने दिशातर्फ मुलुक अगाडि बढेको छ । योसँगै नयाँ संविधानले परिकल्पना गरेको सङ्घीय संरचनामा मुलुक अगाडि बढ्ने मार्ग प्रशस्त भएको छ । आवधिक निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । निर्वाचनमा मतदाताको उत्साहपूर्ण सहभागिता पाइयो । निर्वाचनलाई  भयरहित र निष्पक्ष बनाउन सरकार, राजनीतिक दल र निर्वाचन आयोगले कुनै कसर बाँकी नरहेको बताइरहँदा आचारसंहिताको उल्लङ्घनका केही घटना भए ।

आवधिक निर्वाचन लोकतन्त्रको बलियो आधार हो । निर्वाचनलाई लोकतन्त्रको चाड पनि भनिन्छ । जनताद्वारा निर्वाचित प्रतिनिधि मार्फत सरकार परिवर्तन गर्दा समाजको परिवर्तन शान्तिपूर्ण तरिकाले हुन्छ । त्यसैले लोकतन्त्रलाई संसारको सबैभन्दा उन्नत राजनीतिक व्यवस्था मानिन्छ । संविधानले नागरिकलाई दिएका अधिकार सजिलै प्राप्त भएको होइन, यसको मूल्य बलिदान, त्याग, लामो संघर्ष र निरन्तर निष्ठाबाट प्राप्त भएको हो । लामो सङ्क्रमण र राजनीतिक अस्थिरता भोगेको नेपाली समाजले यावत् विसंगतिबाट त्राण पाउने माध्यम यो निर्वाचन बन्नसक्छ भने लामो बलिदानबाट प्राप्त संविधान सभा र त्यसले बनाएको नेपालको संविधान कार्यान्वयनको दिशातर्फ मुलुक अगाडि बढ्नेछ ।

निर्वाचन व्यवस्थापन, सुरक्षा प्रवन्ध र आमनागरिकको उत्साह प्रशंसनीय रह्यो । मतदाता नामावलीमा मतदाताको रङ्गीन चित्र हुनु र मतदाता परिचय पत्रको वितरण गरिनु यस निर्वाचनका असल पक्ष हुन् । मतदातालाई सजिलो होस् भनी मतदानस्थलहरूको पर्याप्त व्यवस्था गरिएको पाइयो जसका कारण छिटो मतदान हुन मद्दत पुगेको हामीले अनुगमनका क्रममा पायौं ।

नेपाली जनताले पहिलो पटक आफैँले निर्वाचित गरेको संविधान सभाका प्रतिनिधिबाट निर्माण गरिएको नेपालको संविधान २०७२ साल असोज ३ गतेदेखि लागू भएसँगै नेपाल सङ्घीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रूपान्तरित भएको छ । संविधानमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था छ । फोटोसहितको मतदाता नामावली र परिचय-पत्र अद्यावधिक गर्ने, मतपत्र छाप्ने, मतदान केन्द्रको टुङ्गो लगाउने, निर्वाचन आचारसंहिता जारी गर्ने, निर्वाचन पर्यवेक्षण निर्देशिका जारी गर्नेलगायतका काम निर्वाचन आयोगले सम्पन्न गरेको थियो । स्वच्छ र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले यथासम्भव प्रयास गरेको पर्यवेक्षणका क्रममा फेला पऱ्यो ।

फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनका लागि फागुन १८ गते राती १२ बजेबाट निर्वाचनको मौन अवधि सुरु भएको थियो । । लोकतन्त्रको अभ्यास र मतदाता स्वतन्त्रताको सुनिश्चितताको दृष्टिले यो अवधिको विशेष महत्व छ । मौन अवधिलाई केवल निर्वाचनको औपचारिकता मात्र मान्न सकिँदैन; यो समय मतदातालाई बाह्य दबाब,

प्रचार वा राजनीतिक प्रभावबाट मुक्त राखेर स्वतन्त्र निर्णय गर्ने वातावरण प्रदान गर्ने उद्देश्यले कायम गरिएको हो । मौन अवधिमा उम्मेदवार, राजनीतिक दल वा तिनका समर्थकहरूले ऱ्याली, सभा, प्रचार सामग्री वितरण, सामाजिक सञ्जाल प्रचार वा कुनै पनि मत प्रभावकारी गतिविधि गर्न नपाउने व्यवस्था छ । यसले मतदातालाई अन्तिम क्षणसम्म स्वतन्त्र र विवेकपूर्ण निर्णय लिन अवसर दिन्छ ।

निर्वाचन आयोगले यस अवधिको पालना सम्बन्धी स्पष्ट निर्देशन जारी गरेको थियो । आयोगको निर्देशनअनुसार, मौन अवधिको उल्लङ्घन गर्ने उम्मेदवार, राजनीतिक दल वा समर्थकलाई कानुनी कारबाहीको दायरामा ल्याइने उल्लेख थियो । यसका साथै सुरक्षा निकायहरूले मतदान केन्द्र, मतदान मार्ग र सार्वजनिक स्थानमा निगरानी बढाएका थिए । यसले मतदातामा सुरक्षा र विश्वासको भावना सिर्जना गरेको पाइयो ।

मौन अवधिको महत्व केवल औपचारिक कानुनी पक्षमा सीमित छैन । यसले मतदातालाई दबाबविना आफ्नो विचार र प्राथमिकताअनुसार निर्णय लिन अनुमति दिन्छ । यस अवधिमा मतदाताले आफूले रोज्ने उम्मेदवार र राजनीतिक दलको मूल्यांकन गर्ने पर्याप्त समय पाउँछन् । नेपालमा प्रतिनिधिसभा निर्वाचन जनताको अधिकारको प्रयोग र लोकतन्त्रको मजबुतीकरणको अवसर हो । मौन अवधि यस अवसरको महत्वपूर्ण अङ्ग हो । यसले राजनीतिक दल मौन अवधि लोकतन्त्रको अभ्यास, मतदाता स्वतन्त्रता र निर्वाचनको निष्पक्षताको प्रत्यक्ष परीक्षा हो । यसको पालना गर्नु सम्पूर्ण नागरिक र राजनीतिक दलहरूको साझा जिम्मेवारी हो । यदि सबै पक्षले यसमा संयम र जिम्मेवारी देखाए, भने मतदान प्रक्रिया शान्तिपूर्ण, निष्पक्ष र पारदर्शी हुने निश्चित छ ।

निर्वाचन आयोगले फागुन २० गते बुधवार आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले देशभरका सबै मतदान केन्द्रहरूमा आवश्यक निर्वाचन सामग्रीहरू पुगिसकेको जानकारी दिनुभएको थियो । उहाँले २०८२ साल भदौ २३ र २४ गतेको आन्दोलनपछि सिर्जना भएको विशिष्ट परिस्थितिमा घोषणा भएको निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन आयोग पूर्ण रूपमा क्रियाशील रहेको स्पष्ट पार्नु भयो । भण्डारीकाअनुसार निर्वाचनका लागि आवश्यक पर्ने मतपत्र, मतपेटिका लगायतका सम्पूर्ण सामग्रीहरू सम्बन्धित मतदान केन्द्रहरूमा सुरक्षित रूपमा पुऱ्याइसकिएको, मतदान केन्द्रहरूको निर्माण तथा व्यवस्थापन कार्य सम्पन्न भइसकेको जानकारी सो अवसरमा उहाँले दिनु भयो ।

मतदाताले निर्बाध रूपमा आफूलाई मन परेको उम्मेदवार र राजनीतिक दललाई मतदान गर्न पाउने गरी शान्ति सुरक्षाको अत्यन्तै भरपर्दो प्रवन्ध मिलाइएको आयोगले जनायो । भण्डारीले निर्वाचनलाई केवल प्रतिनिधि छान्ने वा सरकार गठन गर्ने प्राविधिक प्रक्रियाका रूपमा मात्र नबुझ्न आग्रह गर्दै निर्वाचनमार्फत नागरिकले कानून निर्माण र राज्य सञ्चालनको प्रक्रियामा प्रत्यक्ष रूपमा आफूलाई संलग्न गराउने अवसर पाउने बताउनु भयो । यस प्रक्रियाको पूर्णताले नीति, नेतृत्व र शासनको अभिव्यक्ति हुनुका साथै समावेशी तथा उत्तरदायी राज्य निर्माणमा नागरिकको प्रत्यक्ष योगदान पुग्ने भन्दै आयोगले सम्पूर्ण मतदाताहरूलाई यस ऐतिहासिक लोकतान्त्रिक अभ्यासमा उत्साहपूर्वक सहभागी भई आफ्नो मताधिकार प्रयोग गर्न हार्दिक अपिल गर्नुभएको थियो ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न देशभरका मतदान स्थलहरूलाई सुरक्षा संवेदनशीलताका आधारमा वर्गीकरण गरी एकीकृत सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउतले बताउनु भयो । देशभरका कुल १० हजार ९ सय ६७ मतदान स्थलहरूलाई सुरक्षा चुनौतीका आधारमा तीन तहमा विभाजन गरिएको थियो । विगतका निर्वाचनहरूको विश्लेषण र वर्तमान स्थितिको मूल्याङ्कन गर्दै ३ हजार ६ सय ८० वटा स्थललाई 'अति संवेदनशील' को सूचीमा राखिएको थियो । त्यसैगरी, ४ हजार ४ सय ४२ वटा मतदान स्थल 'संवेदनशील' र २ हजार ८ सय ४५ वटा स्थल 'सामान्य' श्रेणीमा रहेका थिए ।



## (ख) पृष्ठभूमि र परिचय

निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन पर्यवेक्षकहरूको भूमिका पनि महत्वपूर्ण हुने गर्दछ । निर्वाचन पर्यवेक्षण निर्वाचनको वैद्यता र विश्वसनीयता जाँच्ने कसि हो । निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका निर्वाचन पर्यवेक्षणको आवश्यकता पर्दछ । जनताले मतदानको अधिकार निर्धक्कसँग प्रयोग गर्न पाएका छन् कि छैनन भनी बुझ्ने माध्यम निर्वाचन पर्यवेक्षण हो । पर्यवेक्षणका माध्यमबाट निर्वाचन प्रक्रियाका सवल र कमजोर पक्षका बारेमा थाहा पाउन सकिने भएकाले निर्वाचन पर्यवेक्षणलाई राज्यको तेश्रो आँखा पनि मान्ने गरिन्छ ।

निर्वाचनमा मतदान गर्ने जनताको सार्वभौम र मौलिक अधिकार हो । स्वच्छ विश्वसनीय, मर्यादित र धाँधलीरहित निर्वाचन भएको खण्डमा मात्रै जनताले सही प्रतिनिधिहरूको छनौट गर्न सक्दछन् । निष्पक्ष निर्वाचनले मात्रै लोकतान्त्रिक पद्धतिको सुदृढिकरण र विकासमा समेत टेवा पुऱ्याउने भएकाले आवधिक निर्वाचनलाई लोकतन्त्रको मुटु नै मान्न सकिन्छ ।

विगतको निर्वाचनमा खटिने निर्वाचन पर्यवेक्षकहरू मध्ये केही पर्यवेक्षकहरू दलका उम्मेदवारको पक्षमा लागेको, आफ्नो व्यवसायिक मूल्य र मान्यता विपरीतका काम गरेको आरोपहरू पनि लाग्ने गरेका थिए । पर्यवेक्षकको कुनै पनि दल वा बिचारप्रति आफ्नो आस्था वा समर्थन भए पनि काममा आस्था वा विचार कदापि झल्कनु हुँदैन । पर्यवेक्षकहरू निष्पक्ष भई काम नगर्दा सम्म उनीहरू व्यवसायिक हुन सक्दैनन् । इमान्दारिता र व्यवसायिकता नै पर्यवेक्षकको असली पहिचान हो ।

निर्वाचन लोकतन्त्रको मर्म, जीवन र केन्द्रबिन्दु भएकाले स्वतन्त्र, शान्तिपुर्ण धाँधलीरहित भएन भने लोकतन्त्रको आत्मा नै नरहने भएकाले पर्यवेक्षकले इमान्दारीपूर्वक आफ्नो दायित्व निर्वाह गर्नु पर्दछ । निर्वाचनको परिणाम सर्वस्वीकार्य, राष्ट्रिय, अन्तराष्ट्रिय मान्यता प्राप्त गर्न सकेमा मात्र निर्वाचनको सार्थकता रहने भएकाले निर्वाचन पर्यबेक्षणको महत्वपूर्ण भूमिका रहन्छ ।

### १. पर्यवेक्षणको तयारी

विगतको अनुभवको आधारमा इन्सेकले निर्वाचनको पर्यवेक्षण गर्ने निर्णय इन्सेकले गरेको थियो । निर्वाचन आयोगले माग गरेबमोजिमको प्रकिया पूरा गरको इन्सेकका २ सय ३० जना पर्यवेक्षकलाई आयोगले पर्यवेक्षण अनुमति दिएको थियो । आयोगबाट अनुमति प्राप्त गरेका पर्यवेक्षकहरूलाई अभिमुखिकरण प्रदान गरिएको थियो । स्थानीय तहका समस्या

र विषय के हुन् भनी पहिल्याउन इन्सेकले जिल्लाहरू भ्रमण गरी स्थानीय सवालको पहिचान गरेको थियो । यस्ता सवालहरूको पहिचान गर्ने क्रममा स्थानीय जनतासँग भेटघाट तथा छलफल गरी निर्वाचन सुरक्षा व्यवस्था र तयारीका सन्दर्भमा स्थानीय सुरक्षा निकाय तथा राजनीतिक दलका प्रतिनिधिसँग छलफल गरिएको थियो ।



निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref: ०८२।०८३/२१४

मिति: २०८२।१०।१८
नेपाल संवत् ११४६ सिल्लाथ्व चतुर्दशी

श्री अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक),
नागार्जुन नगरपालिका, वडा नं. १० ([illegible]), स्युचाटार, काठमाण्डौं ।
इमेल: insec@insec.org.np

विषय: अनुमति सम्बन्धमा ।

उपर्युक्त विषयमा तहाँको च.नं. ३६५, मिति २०८२/१०/१५ को "अनुमति प्रदान गरिदिनु हुन" विषयक पत्र आवश्यक कारबाहीको लागि पेश हुँदा निर्वाचन आचारसंहिता, २०८२ को प्रतिकूल नहुने गरी विमोचन कार्यक्रम गर्न अनुमति प्रदान गरिएको बेहोरा निर्णयानुसार अनुरोध छ। साथै, कार्यक्रमका क्रममा ऐ. आचारसंहिता प्रतिकूल कुनै कार्य भएमा प्रचलित निर्वाचन कानून बमोजिम हुने बेहोरा समेत यसै पत्रबाट जानकारी गराईन्छ।

(मोहन राज जोशी)
कानून अधिकृत

## २. उद्देश्य

विगतको अनुभव र क्षमताका कारण २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न इन्सेकले स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सञ्चालन गरेको थियो । पर्यवेक्षण कार्यले राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलका भातृ सङ्गठन, सरकारी कार्यालय, सङ्घ संस्था, सञ्चारकर्मी लगायत सरोकारवालाहरूलाई निर्वाचन आचारसंहिता पालना गर्न गराउन सजग बनाउने उद्देश्य रहेको थियो । निर्वाचन पर्यवेक्षणका निम्नलिखिति उद्देश्यहरू रहेका थिए ।

- स्वच्छ र निष्पक्ष निर्वाचन गर्न सहयोग पुऱ्याउनु ।
- भयरहित वातावरणमा निर्वाचन गर्न मद्दत गर्नु ।
- निर्वाचन आयोगका मतदाता शिक्षा कार्यक्रमलाई सहयोग पुऱ्याउनु ।

निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन आवश्यक छ। पञ्चायतकालमा भएका निर्वाचनदेखि नै नेपालका अधिकारकर्मी र नागरिक समाजले निर्वाचनहरूको पर्यवेक्षण गर्दै आएका छन्। त्यसबेला र बहुदलीय व्यवस्था स्थापित भएपछि सम्पन्न भएका निर्वाचनलगत्तै निर्वाचन आयोगमा बुझाइएका छन् । निर्वाचनलाई ऐतिहासिक र फलदायी बनाउन नागरिक

तहबाट जन सचेतना, सार्वजनिक संपरीक्षण र प्रभावकारी पर्यवेक्षण गर्ने अभियप्रायले आम नागरिक समाजको सहकार्यमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सञ्चालन गरिएको थियो ।

## १.१ निर्वाचनको मिति घोषणा र निर्वाचन तयारी

तत्कालीन सरकारका विरुद्ध भ्रष्टाचार, बेरोजगारी र बेथितिलाई लिएर भदौ २३ र २४ गते नवयुवा पुस्ताले गरेको प्रदर्शनका कारण तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार बहिर्गमन भयो । राजनीतिक अस्थिरता र सडकको दबाबपछि २०८२ भदौ २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभा विघटन गरी सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्री नियुक्त गर्नुभयो । कार्की नेतृत्वको चुनावी सरकारलाई ६ महिनाभित्र निर्वाचन गराई सत्ता हस्तान्तरण गर्ने मुख्य जिम्मेवारी दिइएको थियो । भदौ २७ गते नै राष्ट्रपतिद्वारा २०८२ फागुन २१ गतेका लागि निर्वाचनको मिति घोषणा गरिएको थियो । निर्वाचनको तयारीका क्रममा सुरक्षा चुनौती, लुटिएका हतियारको खोजी र फरार कैदीबन्दी जस्ता समस्याहरू रहे तापनि सरकारले सुरक्षा व्यवस्था कडा पार्दै निर्वाचन सम्पन्न गर्ने वातावरण तय गऱ्यो । २०८२ फागुन २१ गतेको ऐतिहासिक निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन निर्वाचन आयोगले छोटो समय र चुनौतीपूर्ण राजनीतिक वातावरणका बीच पनि व्यापक तयारी गरेको थियो । आयोगले भदौमा सरकार ढलेलगत्तै द्रुत गतिमा निर्वाचन कार्यतालिका स्वीकृत गरेको थियो । जसअनुसार २०८२ मङ्सिर १ गतेदेखि १० गतेसम्म राजनीतिक दल दर्ताको समय दिइएको थियो। नयाँ राजनीतिक परिस्थितिमा धेरै नयाँ दलहरू दर्ता भएकाले आयोगले दर्ता प्रक्रियालाई सहज र प्रविधिमैत्री बनाएको थियो । आन्दोलनपछि धेरै युवाहरू मतदान प्रक्रियामा सहभागी हुन चाहेकाले आयोगले मतदाता नामावली दर्ताको म्याद थप गरी २०८२ कात्तिक ५ सम्म पुऱ्याएको थियो । जसमा पहिलो पटक मतदान गर्न लागेका युवाहरूको संख्या उल्लेखनीय थियो । आयोगले देशभर कुल २३,११२ मतदान केन्द्रहरू कायम गरेको थियो । निर्वाचन सम्पन्न गर्नका लागि सुरक्षाकर्मी बाहेक करिब २ लाख ५० हजार कर्मचारी र स्वयंसेवकहरू परिचालन गरिएको थियो । साथै, दुर्गम हिमाली जिल्लाहरूमा हिमपातको जोखिमलाई मध्यनजर गर्दै पाँच ओटा जिल्लामा मतपत्र र निर्वाचन सामग्री ढुवानीका लागि हेलिकप्टरको समेत व्यवस्था गरिएको थियो । सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै आयोगले गृह मन्त्रालयसँगको समन्वयमा ३ लाख २० हजार सुरक्षाकर्मी (नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र म्यादी प्रहरी) परिचालन गरेको थियो । हिंसात्मक गतिविधि हुन नदिन मतदान केन्द्रहरूलाई सामान्य, संवेदनशील र अति-संवेदनशील गरी वर्गीकरण गरी सुरक्षा व्यवस्था मिलाइएको थियो।

यसपटक आयोगले परम्परागत शैलीभन्दा फरक ढंगले मतदाता शिक्षा सञ्चालन गऱ्यो। सामाजिक सञ्जालको प्रभावलाई बुझेर आयोगले 'टिकटक भिडियो प्रतिस्पर्धा' जस्ता कार्यक्रम आयोजना गरी युवाहरूलाई मतदानको महत्व र सही तरिका सिकाएको थियो । यसले गर्दा बदर मतको संख्यामा समेत कमी ल्याउने लक्ष्य राखिएको थियो । आयोगले निर्वाचनलाई तडकभडक रहित बनाउन र उम्मेदवारको खर्चलाई नियन्त्रण गर्न कडा आचारसंहिता लागू गरेको थियो । मतदान हुनु ४८ घण्टा अघिदेखि सुरु भएको 'मौन अवधि' लाई पूर्ण रूपमा पालना गराउन डिजिटल र स्थलगत दुवै अनुगमन टोली सक्रिय पारिएको थियो ।

निर्वाचन आयोगले प्रतिकूल मौसम (हिउँदको अन्त्य) र राजनीतिक अस्थिरताका बावजुद पनि आधुनिक प्रविधि र चुस्त सुरक्षा घेराबीच फागुन २१ को मतदान सम्पन्न गर्न सफल भयो । यसले नेपालको लोकतान्त्रिक अभ्यासलाई पुनः सुचारु गर्न मेरुदण्डको काम गऱ्यो ।

## १.२ समावेशीकरणसम्बन्धी नीति

नेपालको लोकतान्त्रिक शासन प्रणालीमा निर्वाचन एक महत्वपूर्ण आधारस्तम्भका रूपमा स्थापित छ । लोकतन्त्रको सुदृढीकरण, जनप्रतिनिधित्वको सुनिश्चितता र शासन प्रणालीको वैधता कायम राख्न निर्वाचनको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । तर, केवल निर्वाचन सम्पन्न हुनु मात्र पर्याप्त हुँदैन; यसले समाजका सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई समान अवसर र प्रतिनिधित्व प्रदान गर्न सक्नुपर्छ । यही सन्दर्भमा "निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७" को आवश्यकता र महत्व स्पष्ट रूपमा देखिन्छ।

नेपालमा निर्वाचन प्रणालीको विकासक्रम हेर्दा प्रारम्भिक चरणमा महिला तथा अन्य सीमान्तकृत समुदायहरूको सहभागिता अत्यन्त न्यून रहेको पाइन्छ । समयसँगै संवैधानिक तथा कानुनी सुधारहरू हुँदै गए र महिलाहरूलाई मतदान तथा उम्मेदवारीको अधिकार प्राप्त भयो। पछिल्ला दशकहरूमा संविधान, निर्वाचनसम्बन्धी कानुन र नीतिहरूले समावेशीताको अवधारणालाई सशक्त रूपमा अंगिकार गरेका छन्। विशेषतः नेपालको संविधानले राज्यका सबै निकायहरूमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने स्पष्ट व्यवस्था गरेको छ, जसले लोकतान्त्रिक प्रणालीलाई अझ व्यापक र समावेशी बनाउने मार्ग प्रशस्त गरेको छ ।

लैङ्गिक तथा समावेशी नीति, २०७७ ले निर्वाचन व्यवस्थापनका सम्पूर्ण प्रक्रियामा समानता र समावेशीतालाई मूलधारमा ल्याउने प्रयास गरेको छ । यस नीतिले महिलाहरू, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा अन्य पिछडिएका समुदायहरूको राजनीतिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न विशेष जोड दिएको छ । उदाहरणका लागि, संघीय संसदमा कम्तीमा एक तिहाइ महिला प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था, स्थानीय तहमा महिलाको अनिवार्य सहभागिता, तथा राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा विभिन्न सामाजिक समूहहरूको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने प्रावधानहरू यस नीतिका महत्वपूर्ण पक्षहरू हुन् ।

यद्यपि, यी सकारात्मक प्रावधानहरूको बावजुद व्यवहारिक कार्यान्वयनमा विभिन्न चुनौतीहरू देखापरेका छन् । नेपाली समाजमा अझै पनि परम्परागत सोच, लैङ्गिक विभेद, सामाजिक असमानता र संरचनात्मक अवरोधहरू विद्यमान छन्, जसका कारण महिलाहरू तथा लक्षित समुदायहरूको प्रभावकारी सहभागिता सुनिश्चित गर्न कठिनाइ भइरहेको छ। साथै, निर्वाचन प्रक्रियामा समावेशीतासम्बन्धी पर्याप्त डेटा, संस्थागत क्षमता र समन्वयको अभावले पनि नीतिको प्रभावकारी कार्यान्वयनमा बाधा पुऱ्याएको छ ।

यस सन्दर्भमा, लैङ्गिक तथा समावेशी नीति केवल कानुनी दस्तावेज मात्र नभई सामाजिक परिवर्तनको महत्वपूर्ण माध्यमका रूपमा बुझ्न आवश्यक छ । यसले समाजमा विद्यमान असमानता र विभेद अन्त्य गर्दै समतामूलक र न्यायपूर्ण समाज निर्माण गर्न योगदान पुऱ्याउँछ । साथै, यस नीतिले राजनीतिक दलहरू, सरकारी निकायहरू तथा नागरिक समाजबीच समन्वय र सहकार्यको आवश्यकता पनि औंल्याएको छ, जसले समावेशीतालाई व्यवहारमा रूपान्तरण गर्न सहयोग पुऱ्याउँछ ।

"निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७" नेपालको लोकतान्त्रिक प्रणालीलाई अझ समावेशी, प्रतिनिधिमूलक र उत्तरदायी बनाउन महत्वपूर्ण कदम हो । यस नीतिको प्रभावकारी कार्यान्वयनले मात्र सबै नागरिकहरूलाई समान अवसर प्रदान गर्दै लोकतन्त्रको वास्तविक मर्मलाई स्थापित गर्न सकिन्छ । त्यसैले, राज्य, राजनीतिक दल र समाजका सबै पक्षहरूले यस नीतिको सफल कार्यान्वयनमा प्रतिबद्ध भएर अघि बढ्नु आजको आवश्यकता हो ।

## १.३ पर्यवेक्षण विधि

निर्वाचन भन्नाले मतदान मात्रै होइन । निर्वाचनको घोषणा भएदेखि मत परिणाम सार्वजनिक हुँदासम्मको गतिविधि निर्वाचन हो । हुन त मतदाता नामावली सङ्कलनलगायतका काम पनि निर्वाचनकै अङ्ग हुन् । इन्सेकले आफ्ना जिल्ला प्रतिनिधिमार्फत निर्वाचन गतिविधिमा मानव अधिकार अवस्थाको अनुगमन र पर्यवेक्षकमार्फत निर्वाचन आचारसंहिताको अनुगमन गरेको थियो । निर्वाचन गतिविधिका धेरै सूचना इन्सेककै प्राथमिक स्रोतबाट र केही गतिविधिको अनुगमन द्वितीय स्रोत (सञ्चार माध्यम) बाट लिइएको थियो । इन्सेकले सूचना सङ्कलनका लागि छुट्टै फारम तयार गरी पर्यवेक्षकलाई उपलब्ध गराएको थियो । त्यसैगरी आचारसंहिता उल्लङ्घनका घटनाको सङ्कलनका लागि पनि छुट्टै फारम तयार गरी भर्न लगाइएको थियो ।

इन्सेकले आफ्ना कर्मचारीमार्फत निर्वाचनको सबै प्रक्रियाको अनुगमन गरेको थियो भने थप केही व्यक्तिसहितलाई परिचालन गरी निर्वाचनको दिनको पर्यवेक्षण गरिएको थियो । इन्सेकले निम्नानुसारका पर्यवेक्षक परिचालन गरेको थियो ।

## १.४ आचार संहिताको महत्व

सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङग्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०८२ माघ ४ गतेदेखि लागु हुने गरी आचारसंहिता जारी गरेको थियो । आचारसंहिताको पालना गर्ने जिम्मेवारी राजनीतिक दलहरूको हुन्छ भने परिपालना गराउने मुख्य दायित्व निर्वाचन आयोगको हुन्छ । आचारसंहिता पालना गर्ने दायित्व राजनीतिक दलमा मात्रै सीमित छैन । आचारसंहिता लगभग सबै क्षेत्र, पेसा व्यवसायमा आबद्ध नागरिकले पालना गर्नुपर्छ । पालना गर्ने आचारसंहिताका बुँदा फरक भएपनि सबैले पालना गर्नु पर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ ।

# निर्वाचन पर्यवेक्षण नीति २०८२

### परिचय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) २०४८ सालमा गठन भएको एक गैरसरकारी संस्था हो । यसले मानव अधिकार र सामाजिक न्यायका निम्ति आफ्ना गतिविधि गरिरहेको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा निर्वाचन आयोगबाट स्वीकृति लिइ स्वतन्त्र र निष्पक्ष ढङ्गबाट पर्यवेक्षण गर्ने उद्देश्य राख्दै निर्वाचनको गरिमा थप बढाउन यस संस्थाले पर्यवेक्षण नीति २०८२ बनाएको छ ।

### १ उद्देश्य

यस नीतिको मुख्य उद्देश्य प्रतिनिधि सभा निर्वाचन २०८२ लाई स्वतन्त्र र निष्पक्ष बनाउनको लागि निर्धारण गरिएका प्रक्रिया र मापदण्डहरूको पालना भए नभएको कुरा पर्यवेक्षणको माध्यमबाट प्रत्यक्ष रूपमा अवलोकन गरी निर्वाचन आयोगलाई सहयोग पुऱ्याउनु हो ।

### २. नीति

माथि उल्लेखित उद्देश्य हासिल गर्नका लागि निम्न बमोजिमका नीति अवलम्बन गरिनेछ ।

क. निर्वाचन आयोगले संविधान र प्रचलित कानुन बमोजिम सञ्चालन गर्ने स्थानीय तह निर्वाचनको आवश्यकता अनुसार पर्यवेक्षण गर्ने,
ख. निर्वाचन प्रक्रियामा संलग्न यसका मुख्य सरोकारवालाहरूसँग समन्वय र सहभागिता प्रवर्द्धन गर्ने,
ग. निष्पक्ष निर्वाचनको छविलाई प्रवर्द्धन गर्न जोड दिने,
घ. पर्यवेक्षणमा संलग्न सदस्यहरूलाई अभिमुखिकरण गर्दै क्षमता अभिवृद्धि गर्ने,
ङ. निर्वाचनलाई मर्यादित र प्रभावकारी बनाउन पर्यवेक्षण कार्यलाई निष्पक्ष बनाउने ।

### ३. रणनीति तथा कार्यनीति

यस संस्थाले प्रतिनिधि सभा निर्वाचनको निस्पक्षतालाई मध्यनजर गर्दै आवश्यकता अनुसार रणनीति तथा कार्यनीति तय गरी अवलम्बन गर्नेछ ।

### ४. जवाफदेहिता र नियमन

यस संस्थाले पर्यवेक्षणका लागि खटाइएका आफ्ना प्रतिनिधिहरूको निरन्तर अनुगमन गर्दै उनीहरूले निर्वाह गरेको भूमिकाको मूल्याङ्कन गर्दै आचार संहिताको अक्षरसः पालना गराउन भूमिका खेल्नेछ ।

### ५. सहभागिता

यस संस्थाले आफ्ना देशभरको सञ्जालमा आधारित भई वर्ग, लिङ्ग, क्षेत्र र समुदायको सहभागितालाई सुनिश्चित गर्दै सातै प्रदेशका हिमाल, तराई पहाडका ४ सय मतदानस्थलमा आफ्ना पर्यवेक्षक परिचालित गर्नेछ ।

### ६. सुरक्षा व्यवस्थाको तयारी

नेपाली सेनासहित मुलुकको तीन ओटै सुरक्षा निकायले स्थानीय तहको निर्वाचनमा मतदाताहरूले निर्भयका साथ मतदान गर्ने वातावरण सुनिश्चित गर्ने लगायतको सुरक्षा प्रवन्ध मिलाउन आफूहरू पूर्ण तयारी अवस्थामा रहेको जनाएका थिए । सुरक्षा प्रबन्धलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने योजनाअनुरूप सुरक्षा निकायहरूले आफ्नो तयारीलाई पूर्णता दिएका थिए । सरकारले तोकेको मितिमा निर्वाचन सम्पन्न गर्न एकीकृत सुरक्षा योजना तय गरेअनुरूप नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र निर्वाचन प्रहरी निर्वाचन सुरक्षा प्रबन्धका लागि खटिएका थिए । नेपाल प्रहरी र निर्वाचन प्रयोजनका लागि भर्ना गरिएका निर्वाचन प्रहरीले मतदान केन्द्रको भित्री सुरक्षा गरेका थिए । दोस्रो तहको सुरक्षा घेराको जिम्मेवारी सशस्त्र प्रहरी बलको रहेको थियो । बाहिरी सुरक्षा नेपाली सेनाले प्रदान गरेको थियो ।

## ३. महत्व

पर्यवेक्षण गर्नाले राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलका भातृसङ्गठन, सरकारी कार्यालय, संघसंस्था, सञ्चारकर्मीलगायत सरोकारवालाहरूलाई निर्वाचन आचारसंहिता पालना गर्न गराउनसजक बनाउँछ । पर्यवेक्षकको उपस्थितिले निर्वाचनमा मतदाताहरूलाई भयरहित भएर मतदान गर्न उत्प्रेरित गर्दछ । निर्वाचन गतिविधिमा पर्यवेक्षण कार्यले आम जनमानसमा निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र धाँधलिरहित हुन सघाउँछ भन्ने कुराको विश्वस्त गराउँछ । पर्यवेक्षण कार्यले निर्वाचन अवधिमा हुने हिंसात्मक घट्नाहरूमा कमी गराउन सहयोग पुग्दछ । मतदाता शिक्षालाईसमेत प्रभावकारी गराउन मदत पुऱ्याउन सक्छ ।

## ४. पर्यवेक्षण गरिएका भौगोलिक अवस्था र स्थानीय तह

इन्सेकका २ सय ३० जना पर्यवेक्षकले विभिन्न मतदान केन्द्रको पर्यवेक्षण गरेका थिए । अनुगमनका क्रममा-

1. मतदान केन्द्र व्यवस्थापन पूर्व गरिएको सर्वदलीय बैठकमा महिला र समावेशी समुहको सहभा गता रहेको




2. सुरक्षा र सडक पहुँचका  ष्टिले केन्द्र उपयुक्त रहेको




3. मतदाताको  ष्टिकोणबाट उपयुक्त केन्द्र भएको




4. मतदान प्र क्रयाका ला ग पर्याप्त स्थान भएको



5. मतदान केन्द्रको आसपास पर्याप्त सूचना/जानकारी पोस्टहरु टाँस गरिएको




6. मतदान केन्द्र रा खएको दुरी उपयुक्त भएको




7. ज्येष्ठ नागरिक, अपाङ्ग, अशक्त तथा सुत्केरी महिलाहरुका ला ग मतदान केन्द्र सम्म आवतजावतका ला ग सवारी साधनको व्यवस्था भएको



8. मतदान केन्द्रमा शौचालयको व्यवस्था भएको




9. मतदान केन्द्र अपाङ्गतामैत्री भएको




10. अपाङ्ग व्यक्तिहरुका ला ग मतदान गर्न सहयोगीको व्यवस्था भएको




11. मतदान केन्द्रमा घाम वा पानीबाट बच्न आवश्यक व्यवस्था भएको



12. मतदान केन्द्रमा खानेपानीको व्यवस्था भएको




13. दल तथा उम्मेदवारका मतदान प्रतिनिधिहरुलाई मतदान केन्द्रमा सहज पहुँचको व्यवस्था भएको




14. दल तथा उम्मेदवारका मतदान प्रतिनिधिहरुले मतदान कार्यमा सहयोग गरेको



15. आयोगबाट निर्धारित ढाँचामा मतदान केन्द्रको Layout तयार भएको




16. मतदातालाई मतदान गर्ने प्र क्रया, मतपत्र र गोप्य मतदानको सुनिश्चितताको वषयमा पर्याप्त जानकारी भएको




17. तो कएको समयमा नै मतदान प्रारम्भ भएको



18. गोप्य मतदानका लागी स्थान, छेकाबारा र स्वस्तिक छापको यथो चत व्यवस्था भएको




19. मतदान प्र क्रया बारे राजनीतिक दल र सरोकारवाला बीचको छलफलमा भएको निर्णयको पालना पूर्ण रुपले भएको




20. मतदानका दिन हुनुपर्ने मुचुल्का लगायतका कागजातहरु चुस्त दुरुस्त रहेको



21. निर्धारित समय  भत्र मतदान सम्पन्न भएको




22. मतदानको समयमा कुनै असमान्य घटना नभएको




23. आयोगले निर्धारण गरेको मापदण्ड बमोजिमको जनशक्ति निर्वाचन अ धकृतको कार्यालयमा उपलब्ध भएको



24. उपलब्ध जनशक्ति लैङ् गक तथा समावेशी नीति अनुरुप रहेको




25. मतदान अ धकृत, सहायक मतदान अ धकृत र मतदान केन्द्रमा खटिने अन्य जनशक्ति परिचालन र अ भमुखीकरण/ता लम सम्बन्धी योजना बनाई सोही बमोजिम कार्यान्वयन भएको




26. मतदान केन्द्रमा खटाईएका सबै जनशक्तिलाई अ भमु खकरण गरिएको



27. खटिएका कर्मचारीले आ-आफ्नो जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरेको




28. कर्मचारीको भाषाशैली र व्यवहार शष्ट र मर्यादित भएको




29. कर्मचारीले तो कएका जानकारी समयमै सम्बन्धित निकायमा उपलब्ध गराएको



30. केन्द्रमा खटिने कर्मचारीलाई कुनै प्रकारको कठिनाई नभएको




31. व भन्न स मतिहरुको भेला निय मत रुपमा भएको




32. प्रचार-प्रसारका क्रममा स्वास्थ्य सुरक्षाका उपायहरु अपनाइएको



33. मतदना केन्द्रमा स्वास्थ्य सुरक्षाका उपायहरु अपनाईएको




34. मतदान केन्द्रमा स्यानीटाईजर वा साबुन पानीले हात धुने व्यवस्था भएको




35. निर्धारीत सामाजिक दुरी कायम गरी मतदाताहरु लाइनमा बस्ने व्यवस्था भएको



36. कर्मचारीहरुले समेत निर्धारीत सामाजिक दुरी कायम गरेको




37. मास्क, पन्जा जस्ता एक पटक प्रयोग हुने सामाग्रीहरु राम्ररी वस्थापन गर्ने व्यवस्था भएको




38. मतदान केन्द्रमा स्वास्थ्य कर्यकर्ता र स्वास्थ्य स्वयंसेवकहरु परिचालन गरिएको



39. मतदाताहरुले मतदान केन्द्रमा स्वास्थ्य सुरक्षाको अनुभूति गरेको




40. पर्यवेक्षण/अवलोकनका क्रममा देखएका सकारात्मक/सबल पक्षहरु




41. पर्यवेक्षण/अवलोकनका क्रममा देखएका सुधार गर्नुपर्ने पक्षहरु



42. पर्यवेक्षण/अवलोकनबाट प्राप्त सुझाव र आयोगलाई गरिएको सफारिस




**५. पर्यवेक्षण संस्थाको संरचना र प्रशासनिक व्यवस्था**

## ग. प्रकृया र विधि

१. तथ्याङ्क सङ्कलनको तरिका । विधि
२. तथ्याङ्कको प्रकृति
३. तथ्याङ्कको अनुवाद र विश्लेषणको विधि

## घ. तथ्याङ्क तथ्य र विश्लेषण

**१. मतदान पूर्वका दिन**

तालिका १ : बम फेला र विस्फोटका घटना

| क्र.सं. | जिल्ला | बम फेला | बम विस्फोट | घाइते |
|---|---|---|---|---|
| १. | ताप्लेजुङ | १ | | |
| २. | मोरङ | १ | | |
| ३. | धनुषा | २ | १ | २ |
| ४. | महोत्तरी | १ | १ | २ |
| ५. | सप्तरी | १ | | |
| ६. | पर्सा | १ | | |
| ७. | काठमाडौं | २ | | |
| ८. | कास्की | १ | | |
| ९. | गोरखा | २ | | |
| १०. | बर्दिया | १ | | |
| ११. | सुर्खेत | १ | | |
| | जम्मा | १४ | २ | ४ |

तालिका २ : निर्वाचन आचार उल्लङ्घन गरिएकाहरुको सङ्ख्या

| क.सं. | जिल्ला | गिरफ्तार | आचारसंहिता उल्लङ्घन |
|---|---|---|---|
| १. | धनुषा | २ | ४ |
| २. | रुपन्देही | २१ | १ |
| ३. | सर्लाही | १ | |
| ४. | काठमाडौं | | |
| ५. | नवलपरासी पूर्व | | १ |
| ६. | पर्सा | ३ | |
| ७. | सिरहा | १ | |
| ८. | पर्सा | ४ | |
| ९. | सिन्धुपाल्चोक | | ५ |
| १०. | सुनसरी | | १ |
| ११. | गोरखा | | १२ |
| १३. | सुर्खेत | | १ |
| १४. | सल्यान | | १ |
| १५. | बागमती प्रदेश | ३२ | |
| १६. | सप्तरी | | २ |
| १७. | झापा | ३ | १ |
| १८. | काभ्रे | | १ |
| १९. | मोरङ | ६ | १ |
| २०. | धनकुटा | | १२ |
| २१. | प्युठान | २ | |
| २२. | रौतहट | १ | |
| २३. | चितवन | २ (कर्मचारी) | |
| | जम्मा | ७८ | ४३ |

**निर्वाचन पूर्व पर्यवेक्षण**

***हेर्नुहोस्– अनुसूची २***

## २. मतदानको दिन

देशका ७७ जिल्लामा निर्वाचन शान्तिपूर्ण रुपमा फागुन २१ गते सम्पन भयो । यस दिनको घटनाक्रम अनुसूचीमा हेर्नुहोस् ।

**निर्वाचनका ऋममा देखिएका तथ्यहरू**

- देशका विभिन्न भागमा भएको निर्वाचन विरोधी गतिविधि तथा हिमाली र उच्च पहाडी जिल्लाको चिसो मौसमको बेवास्ता गर्दै मतदाताले उत्साहपूर्वक मतदानमा भाग लिए । नगन्य घटना बाहेक निर्वाचन शान्तिपूर्वक सम्पन्न भयो ।
- विगतका निर्वाचन जस्तै यस निर्वाचनमा पनि अपाङ्ग मतदाताले मतदान गर्न कठिनाइ भोग्नु पर्‍यो । मतदान केन्द्रहरू अपाङ्ग मैत्री नभएको पाइयो ।
- केही मतदान केन्द्र साँघुरो भएका कारण मतदान कार्य ढिला हुनुका साथै मतदातालाई अप्ठ्यारो भएको पाइयो ।
- दार्चुलाका दुई मतदान केन्द्रका मतदाता 'नो' भोटका पक्षमा उभिए । नौगाड गाउँपालिका-१ को गौरीशंकर आधारभूत विद्यालय नागु र अपिहिमाल गाउँपालिका-३ को दुधिला आधारभूत विद्यालय झुस्कुका मतदाताले मतदान नगर्ने निर्णय गरेका हुन् ।
- दोलखा जिल्लाको गौरीशंकर गाउँपालिका-९ स्थित बेदिङ मतदान केन्द्रमा स्थानीय मतदाताहरूले मतदान बहिष्कार गरेका छन् । स्थानीयका अनुसार उक्त क्षेत्रमा कुनै पनि राजनीतिक दलका उम्मेदवार वा प्रतिनिधि मत माग्न नआएको भन्दै असन्तुष्टि जनाउँदै मतदाताहरूले मतदान बहिष्कार गर्ने निर्णय गरेका हुन् । मतदाताहरूले निर्वाचनको ऋममा उम्मेदवारहरूले आफूहरूलाई बेवास्ता गरेको गुनासो गर्दै आफ्नो क्षेत्रमा उम्मेदवारहरू नआएको अवस्थामा मतदान गर्नु उपयुक्त नहुने बताएका छन् ।
- ओखलढुङ्गाको मानेभन्ज्याङ टोक्सेलका स्थानीयले मतदान बहिस्कार गरेका छन् । साँझ ५ बजेसम्म मानेभन्ज्याङ गाउँपालिका-७ स्थित शहिद स्मृति आ.वि, सातसल्ले मतदान केन्द्रमा मतदाता नआएपछि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ मतदान नभएको मतदान अधिकृत परवासी राईले बताउनुभयो । समानुपातिक तर्फ दुई जना महिला र दुई जना पुरुष कर्मचारी गरी चार जनाले मतदान गरेका छन् । प्रदेश सरकारले सो क्षेत्रमा प्रादेशिक अस्पताल बनाउने आश्वासन दिए पनि काम सुरु नगरेको विरोधमा ७ सय १ जना मतदाता रहेको सो केन्द्रमा कोही पनि मतदान गर्न नगएका हुन् ।
- दाङ जिल्ला बबई गाउँपालिका- १ को जनता आबिजिला मतदानस्थल र बबई गाउँपालिका- ७ देउती मावि तल्लोमलाइ मतदानस्थलमा मत नखसेको जिला मतदान केन्द्रका मतदान अधिकृत टेकबहादुर खड्काले जानकारी दिनु भयो ।
- चितवन निर्वाचन क्षेत्र नम्बर-३ अन्तर्गत माडी मावि केन्द्रमा खटिएका एक कर्मचारीले रास्वपाका पक्षमा मत मागेको आरोपमा नियन्त्रणमा लिइएको प्रहरीले जनायो । चितवन-२ को भरतपुर महानगरपालिका-४ अन्तर्गत लंकु मावि केन्द्रमा खटिएका कर्मचारीले रास्वपाकै पक्षमा मत मागेकाले नियन्त्रणमा लिइएको प्रहरीले जनाएको हो ।
- मकवानपुर जिल्लाको मनहरी गाँउपालिका-४ मा मतदाताहरूका लागि नेकपा एमालेले छुट्टै स्थानमा र त्यहाँ क्रियाशील अन्य राजनीतिक दलहरूले छुट्टै स्थानमा संयुक्त रूपमा खानाको मेस चलाएको पाइयो ।
- विराटनगर- ३ स्थित औषधि व्यवस्था विभाग मतदानस्थल नजिक मतदाताहरूका लागि नेपाली कांग्रेस र रास्वपाले भोज गरेको पाइएपछि स्थानीय प्रशासनले रोक्न निर्देशन गर्‍यो ।

- सिन्धुपाल्चोक क्षेत्र नं. २ को नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार युवराज दुलालले निर्वाचन आचार संहिता उल्लङ्घन गरेको भन्दै ०८२ फागुन २१ गते उम्मेदवारी खारेजीको माग गर्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी परेको छ । दुलालले फागुन २० गते राती चौतारा साँगाचोकगढी नपा १३ स्थित ठूलोसिरुवरीका मतदाताहरुलाई रकम दिएर तारा चिन्हमा भोट मागेको भन्दै उजुरी परेको हो । नेकपाका उम्मेदवारले निर्वाचन आचार संहिता उल्लंघन गरेको भन्दै नेपाली कांग्रेसका प्रतिनिधि झलकबहादुर नेपाल, नेकपा एमालेका प्रतिनिधि भोला तमाङ र रास्वपाका प्रतिनिधि अपिल पुरीले हस्ताक्षर गरिएको उजुरी मुख्य निर्वाचन कार्यालयमा पुगेको हो ।
- दोलखाको मालु मतदानस्थलमा रोकिएको मतदान पाँच बजे शुरु भएको छ। मतदान प्रकृया एमालेले बहिष्कार गर्‍यो ।
- धादिङका तीन मतदान केन्द्रमा सञ्चारकर्मी र पर्यवेक्षकलाई प्रवेशमा रोक लगाइयो । बागेश्वरी मा.वि, बैरेनी र गल्छी गाउँपालिका-४ वाशेश्वरी आ.वि मतदान केन्द्रमा पर्यवेक्षक र पत्रकारलाई रोक लगाइएको छ। त्यस्तै महाकाली मावि मतदान केन्द्रमा सञ्चारकर्मीलाई निषेध गरिएको पत्रकार केशव अधिकारीले बताउनुभयो । साथै, नीलकण्ठ मा.वि, धादिङबेसी मतदान केन्द्रमा पर्यवेक्षकलाई पर्यवेक्षण गर्न रोक लगाइएको नियोकका जिल्ला अध्यक्ष कृष्णराज अधिकारीले जानकारी दिनुभयो । घटनाका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी विजय सुवेदीले सहजीकरण गरिएको बताए पनि सञ्चारकर्मीलाई गेटबाट नै फर्काइएको थियो ।
- धनुषा निर्वाचन क्षेत्र नं. २ अन्तर्गत रहेको औरही गाउँपालिका-३ चक्करका जनता माध्यमिक विद्यालयका मतदान केन्द्र (क), (ख) र सोही पालिका-५ का मतदान केन्द्र (क), (ख)साथै धनुषा निर्वाचन क्षेत्र नं. ४ अन्तर्गत रहेको मिथिला बिहारी नगरपालिका-८ कचुरी मिथिला माध्यमिक विद्यालयका मतदान केन्द्रमा पर्यवेक्षकलाई मतदान अनुगमन गर्न नदिएको पर्यवेक्षक बलिराम कुमार शाहले जानकारी दिनुभयो ।
- धादिङको शंखादेवी मतदान केन्द्र र मनरुपी मावि मतदान केन्द्रमा फर्जी मत हालिएको सूचनाका कारण केहीबेर मतदान रोकिएर पुनः सुरु भयो । नीलकण्ठ नपा-८ मा मतदान स्थल कब्जामा भइ एकतर्फी मतदान भएको इन्सेक प्रतिनिधिले बताएका छन् ।
- धादिङको खनियाबास गाउँपालिका-२ अक्थलीका स्थानीय मतदातालाई मतदानमा जानबाट रोक्ने उद्देश्यले माथिल्लो डुम्रे क्षेत्रमा भिरबाट ढुंगा खसालेर सडक अवरुद्ध गरियो । स्थानीयका अनुसार अक्थलीभन्दा तल रहेको हाइड्रो आयोजनाले खनेको सडक खण्डमा करिब २०० भन्दा बढी मतदाता अलपत्र परेका छन् । उनीहरू बेन्दीदेवी मतदान केन्द्रमा मतदान गर्न जाँदै गर्दा माथिबाट निरन्तर ढुंगा खसालेर बाटो अवरुद्ध गरिएको बताइएको छ । भिरालो बाटो भएकाले माथिबाट ढुंगा खसालिएको स्थानीयको भनाइ रहेको थियो ।
- रौतहट क्षेत्र नं. २ को राजपुर नगरपालिका-९ स्थित बैरिया अनाथालय मतदान स्थलमा अर्काको नाममा भोट हाल्न खोज्ने सोही ठाँउ बस्ने १८ वर्षीय अरजे हयातलाई प्रहरीले गिरफ्तार गरेको छ । हयातले महमद आसिकको नाममा मतदान गर्न खोजेको प्रहरीले जानकारी दिएको छ ।
- काठमाडौं र धादिङका केही मतदान केन्द्रमा पर्यवेक्षक तथा पत्रकारलाई अवरोध गरेको पाइयो ।

## निष्कर्ष

प्रतिनिधि निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ । अपेक्षाकृत कम मत खसेको भए पनि समग्र रूपमा शान्तिपूर्ण, व्यवस्थित र तुलनात्मक रूपमा निष्पक्ष वातावरणमा निर्वाचन सम्पन्न हुनुलाई सकारात्मक रूपमा लिनुपर्छ । लोकतान्त्रिक शासन व्यवस्थामा आवधिक निर्वाचन जनताको सार्वभौम अधिकारको प्रयोग गर्ने प्रमुख माध्यम हो । यस्तो महत्वपूर्ण प्रक्रियालाई कुनै ठूलो अवरोध, हिंसा वा व्यापक विवाद बिना सम्पन्न गर्न सक्नु राज्यका सम्बन्धित निकायहरूको जिम्मेवारी र क्षमता दुवैको परीक्षा पनि हो । निर्वाचन सम्पन्न गराउनका लागि आवश्यक तयारी, सुरक्षा व्यवस्था, मतदान केन्द्रहरूको व्यवस्थापन तथा मतदातालाई मतदानका लागि सहज वातावरण उपलब्ध गराउने काममा निर्वाचन आयोग र सरकार दुवैले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । केही स्थानमा छिटफुट समस्या देखिए पनि समग्र रूपमा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनु लोकतान्त्रिक अभ्यासका लागि सकारात्मक संकेत मान्न सकिन्छ ।

यद्यपि यस निर्वाचनमा मत प्रतिशत अपेक्षाकृत कम हुनु भने चिन्ताको विषय पनि हो । मतदाताको सहभागिता लोकतन्त्रको जीवन्तताको सूचक मानिन्छ । कम मतदान हुनुका पछाडि मतदाताको निराशा, राजनीतिक दलप्रतिको

असन्तुष्टि, निर्वाचनप्रतिको उदासीनता वा अन्य सामाजिक-राजनीतिक कारणहरू हुन सक्छन् । त्यसैले आगामी दिनमा मतदाताको विश्वास पुनःस्थापित गर्दै उनीहरूलाई सक्रिय रूपमा लोकतान्त्रिक प्रक्रियामा सहभागी गराउनेतर्फ राज्य र राजनीतिक दलहरू गम्भीर बन्न आवश्यक देखिन्छ ।

यसका बाबजुद पनि कुनै ठूलो अवरोध बिना निर्वाचन सम्पन्न हुनु आफैंमा महत्वपूर्ण उपलब्धि हो । त्यसैले कम मत खसेको तथ्यलाई आत्मसमिक्षाको विषय बनाउँदै शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउन सफल भएकोमा निर्वाचन आयोग र सरकारलाई त्यसको श्रेय दिनु उचित हुन्छ । साथै यस अनुभवबाट सिक्दै आगामी निर्वाचनहरू अझ बढी सहभागितामूलक, विश्वसनीय र प्रभावकारी बनाउने दिशामा पहल गर्नु लोकतन्त्र सुदृढीकरणका लागि आवश्यक छ ।

केही मतदान केन्द बाहेक प्रायः सबै मतदान केन्द्रमा मतदान बिहान ७ बजे शुरु भई बेलुकी ५ बजे भित्र सम्पन्न भएको थियो । केहीमा भने भौगोलिक कठिनता, राजनीतिक विवाद तथा मतदाता ढिला आएकाले तोकिएको समय भन्दा केही ढिलो भएको पाइयो । विगतका निर्वाचनमा भन्दा यस पटकको निर्वाचनमा मतदाताको उत्साहजनक उपस्थिति रहेको पाइयो ।

सार्वभौमसत्ता/राज्यको सर्वोच्च राजकीय सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान २०७२ को वाक्यलाई मनन गर्दा आवधिक निर्वाचन नेपाली लोकतन्त्रको एक अपरिहार्य तत्वका रूपमा मान्न सकिन्छ । लोकतन्त्र र निर्वाचनका विशेषज्ञहरूले लोकतन्त्रलाई जनताको शासन, जनताद्वारा शासन र जनताका लागि शासन मात्र हो भने आवधिक निर्वाचन लोकतन्त्रका प्रमुख आधारस्तम्भ हुनु पर्ने धारणा अगाडि सारेका छन् । सजिलो भाषामा भन्ने हो भने जनता राज्यका सर्वोच्च शक्ति हुन्, उनीहरूकै इच्छानुसार उनीहरूले नै रूचाएका, चुनेका प्रतिनिधिहरूद्वारा मुलुक शासित हुनुपर्दछ । यस्तो निर्वाचन प्रत्येक चार/पाँच वर्षमा भइरहनु पर्छ र जनताको ताजा विचार लिइरहनु पर्छ र यसैअनुसार मुलुक शासित हुनु नै सही अर्थमा लोकतन्त्र हो । तर मतदान र प्रतिनिधित्वको प्रकारअनुसार यस्तो निर्वाचन पद्धति प्रत्यक्ष र अप्रत्यक्ष दुवै हुन सक्छ । लोकतन्त्र बहुमतको सरकार भएकाले निर्वाचनले मात्र कुन दल/समूह बहुमतमा छ र कुन अल्पमत भन्ने संवैधानिक/कानुन निक्र्यौल गर्ने गर्दछ । यदि निर्वाचन भएन भने त्यहाँको शासन लोकतान्त्रिक होइन निरङ्कुश तानाशाही हुने गर्दछ । जसमा जनताको कुनै हिस्सा हुँदैन ।

निर्वाचन राजनीतिज्ञ, नेतृत्व, कार्यकर्ता, जनता सबैका लागि आफ्नो शक्ति र तौल परीक्षण गर्ने एक प्रतिस्पर्धात्मक खेल मैदान भएका हुनाले कमजोर दल, नेतृत्व र समुदाय आफ्नो कम शक्ति प्रभाव भएका कारण सधैं निर्वाचनबाट तर्सिने गर्दछ । विभिन्न कृत्रिम बहानामा निर्वाचनको विरोध गर्दै निर्वाचन बहिष्कारको बाटोसमेत अवलम्बन गर्ने गर्दछ । त्यसैले आवधिक निर्वाचन सबैका लागि एक दरिलो प्रेरक तत्व कारूपमा समेत रहने गर्दछ । शासक वर्ग सधैं जनताबाट भयभित र त्रसित हुने गर्दछन् । त्यसैले प्रत्येक चार/पाँच वर्षमा हुने आवधिक निर्वाचनले उनीहरूलाई जनताप्रति उत्तरदायी र जिम्मेवार बनाउन वाध्य तुल्याउँछ र जनताका लागि विकास निर्माणका कार्य गर्न दबाब दिने गर्दछ । यस क्रममा उनीहरू आफ्ना निहित स्वार्थ पन्छाएर जनताका लागि कार्य गर्न विवश हुन्छन् । आवधिक निर्वाचन जनइच्छा व्यक्त गर्ने एक प्रभावकारी, कानुनी, व्यवहारिक र सशक्त माध्यम/साधन पनि हो । जित्ने दलले/उम्मेदवारले जनइच्छाअनुसार नै उनीहरूका लागि कार्य गर्ने र जननीति बनाउने गर्दछन् । लोकतन्त्रमा जनतालाई निर्वाचन गर्ने अधिकार प्रदान गरिएको छ । आवधिक निर्वाचन गरिएन भने जनताको अधिकार हनन् र कुण्ठित हुन पुग्दछ । निर्वाचन नहुने मुलुक यथार्थमा निरङ्कुश शासन नै बन्ने गर्दछ । त्यसैले लोकतन्त्रले जनताको उम्मेदवार छान्ने अधिकारलाई सधैं सम्मान गर्न जान्नु पर्छ । लोकतन्त्रले अल्पसङ्ख्यकको अधिकारलाई समेत सम्मान गर्न जान्नुपर्ने हुन्छ । निर्वाचन शासकको वैधता परीक्षण गर्ने एक महत्वपूर्ण कसी हो । लोकतन्त्रको आधारस्तम्भ हो । त्यसैले निर्वाचन सधैं निष्पक्ष, धाँधलीरहित र स्वच्छ हुनुपर्ने हुन्छ

## ङ. सुझाव तथा सिफारिसहरू

### निर्वाचन आयोग र निर्वाचन पर्यवेक्षण संस्थाका लागि सुझाव तथा सिफारिसहरू

निर्वाचन शान्तिपुर्ण, स्वच्छ, स्वतन्त्र, निष्पक्षरूपमा सम्पन्न भयो । पनि नेपाल सरकार, निर्वाचन आयोग, स्थानीय तथा सम्बन्धित सम्पूर्ण सरोकारवाला व्यक्ति तथा निकायहरूले निम्न कुराहरूमा सुधार गर्नुपर्ने देखिन्छ ।

## १. निर्वाचन आयोग नेपाललाई सुझाव

- मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने । शिक्षित भन्दा अशिक्षितलाई लक्षित गरी कार्यक्रम तय गरिनुपर्ने ।
- मतदान प्रकृयालाई डिजिटाइज्ड गरिनुपर्ने ।
- मतदाता परिचय-पत्र सबैले समयमै पाउने व्यवस्था मिलाउनुपर्ने ।
- मतदाता शिक्षाको प्रभावकारी बनाउनु पर्ने ।
- मत पत्र र स्वस्तिक छापको रङ उस्तै भएकोले मत गणनामा ढिलाइ भएकोले मत पत्र र स्वस्तिक छापको रङ फरक फरक हुनुपर्ने ।
- मतपत्रको गुणस्तरमा सुधार गर्नुपर्ने ।
- मतदाता परिचय पत्र बिना मतदान गर्न नपाइने व्यवस्था हुनुपर्ने ।
- सरोकारवाला तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय गरी मतदाता शिक्षा कार्यक्रम चलाउनु पर्ने ।
- निर्वाचन आचारसंहिता उल्लङ्घनकर्तालाई कारबाहीको दायरामा ल्याउनुपर्ने ।
- भड्किलो चुनाव खर्चमा कमी ल्याउन राजनीतिक दलहरूको चुनावी खर्चको व्यवस्थापन निर्वाचन आयोगले गर्ने ।

### २ राजनीतिक दलहरूलाई सुझाव

- आचारसंहिताको पूर्ण परिपालना गर्ने ।
- निर्वाचनसम्न्धी कार्यक्रमहरू विद्यालयमा नगर्ने प्रतिवद्धताको पूर्ण परिपालना गर्ने ।
- निर्वाचन खर्च मितव्ययी बनाउने ।

### ३. पर्यवेक्षक तथा पर्यवेक्षण गर्ने संस्थाका लागि सुझाव

- पर्यवेक्षकहरूलाई अनिवार्य अभिमुखिकरण तालिमका सहभागी गराउने ।
- आचारसंहिताको परिपालनामा ध्यान दिने ।
- निर्वाचन आयोगले गरेको निर्णयहरूका बारेमा जानकार हुने ।

# अनुसूची

## कोशी प्रदेश

ताप्लेजुङ

त्रिवेणी गाउँपा लका–३ हाङपाङ पञ्चमीमा फागुन १९ गते भेटिएको शङ्कास्पद वस्तु निस्कृय पारिएको डएसपी वेदप्रसाद गौतमले बताए । मतदातालाई तर्साउने उद्देश्यले रेडबुलको बट्टामा बिजुलीको तार जोडेर रा खएको शङ्कास्पद वस्तु निश्कृय बनाएको डएसपी गौतमले बताए ।

पाँचथर

जिल्लामा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवारले बालबा लकाको प्रयोग गरी मौन अव धमा समेत भोट माग्न भ डयो जारी गरेको इन्सेक निर्वाचन पर्यवेक्षणका क्रममा पाइएको छ ।

झापा

जिल्लामा मौन अव धमा होहल्ला गरेको आरोपमा अनुसन्धानका ला ग १० जनालाई फागुन १८ गते प्रहरीले गरफ्तार गरेको इलाका प्रहरी कार्यालय, दमकका डएसपी कशोर लम्सालले बताए ।

बालेनको पक्षमा र केपी ओलीको वपक्षमा प्लेकार्ड लएर मत माग्दै हिँडेका भोजपुरको रामप्रसादराई गाउँपा लका–५ स्थायी घर भइ दमकमा बस्दै आएका २७ वर्षीय दीपेन्द्र पाण्डेलाई प्रहरीले फागुन १८ गते अनुसन्धानका ला ग गरफ्तार गरेको छ ।

मोरङ

वराटनगर महानगरपा लका–७ डाँफे चोकस्थित जिल्ला प्रशासन कार्यालय नजिकै रा खएको बम जस्तो दे खने शङ्कास्पद वस्तु फागुन १९ गते नेपाली सेनाले निश्कृय पारेको छ ।

नेकपा बहुमतका मोरङ इन्चार्ज सुन्दरहरैंचा नगरपा लका–१० का कृष्णप्रसाद चम्लागाई र मोरङ जिल्ला स चव झापा, दमक नगरपा लका–५ का ३७ वर्षीय सुमन पौडेललाई प्रहरीले फागुन २० गते गरफ्तार गरेको छ । मतदातामा भय सर्जना गराउने उद्देश्यले सुन्दरहरैंचा नगरपा लका–१० स्थित पूर्व पश्चिम सडकखण्डमा हक्स बम राखेको घटनामा अनुसन्धानका ला ग फागुन २० गते गरफ्तार गरेको प्रहरीले जनाएको छ ।

वराटनगर- ३ स्थित औष ध व्यवस्था वभाग मतदान स्थल नजिक मतदाताहरूका ला ग नेपाली कांग्रेस र रास्वपाले भोज गरेको पाइए पछि मोरङका प्रमुख जिल्ला अ धकारी, प्रहरी प्रमुख लगायतको टो लले भोज भतेरका ला ग प्रयोग गरेका सामाग्री हटाउन निर्देशन दिएपछि भोजका सामग्री हटाउँदै कार्यकर्ताहरू ।



सुनसरी

निर्वाचनका बारेमा सामाजिक सञ्जालमा अफवाह फैलाएको आरोपमा प्रहरीले इनरुवा नगरपा लका–३ का २७ वर्षीय रामचन्द्र ठाकुरलाई फागुन १९ गते अनुसन्धानका ला ग गरफ्तार गरेको छ ।

ओखलढुङ्गा

ओखलढुङ्गाको मानेभन्ज्याङ टोक्सेलका स्थानीयले मतदान बहिस्कार गरेका छन् । फागुन २१ गते साँझ ५ बजेसम्म मानेभन्ज्याङ गाउँपा लका–७ स्थित शहिद स्मृति आ. व, सातसल्ले मतदान केन्द्रमा मतदाता नआएपछि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ मतदान नभएको मतदान अ धकृत परवासी

राईले बताउनुभयो । समानुपातिक तर्फ दुई जना महिला र दुई जना पुरुष कर्मचारी गरी चार जनाले मतदान गरेका छन्।



## मधेश प्रदेश

रौतहट

प्रतिनि ध सभा निर्वाचन क्षेत्र नम्बर १ रौतहटका स्वतन्त्र उम्मेदवार प्रभा संहमा थ ०८२ फागुन १८ गते साँझ गौर नगरपा लका– ३ स्थित बीपीचोकमा नेकपा एमालेका कार्यकर्ताले आक्रमण गरेका छन् । चुनावी प्रचारप्रसारको अन्तिम दिन प्रचारप्रसार गर्दै गर्दा नेकपा एमालेका कार्यकर्ताले आक्रमण गरेको संहले बताउनु भयो । आक्रमणबाट घाइते प्रभा संहको प्रादे शक अस्पताल गौरमा उपचार भयो । उनको टाउकोमा चोट लागेको छ भने हात भाँ चएको छ ।

आमजनता पार्टीका समानुपातिक उम्मेदवार लालबाबु मन्सुरीमा थ रौतहट क्षेत्र नं ३ स्थित गुजरा नगरपा लका –६ बेदौउली गाउँमा चुनावी प्रचार प्रसारको क्रममा ०८२ फागुन १९ आक्रमण भएको छ । आक्रमणबाट घाइते मन्सुरीको पन्स अस्पताल चन्द्रनिगाहपुरमा उपचार भयो । उनको नाकको हड्डी भाँ चएको छ । आक्रमण गर्नेहरूमा जसपा र रास्वपाका स्थानीय कार्यकर्ता रहेको उम्मेदवार मन्सुरीको भनाइ छ । मन्सुरीका अनुसार बेदौली गाउँमा घरदैलो कार्यक्रम गरिरहेका समय एक समूह आएर ववाद गर्न खोजे । सम्झाउन खोज्दा एक्कासी आफूमा थ लाठी प्रहार गरेका थए । मादक पदार्थ सेवन गरी उछृङ्खल तथा अराजक गति व ध गरेको आरोपमा ६ जनालाई २०८२ फागुन २० गते गरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ । शान्ति–

सुरक्षामा खलल पु¥याएको कारण ६ जनालाई व भन्न स्यानबाट नियन्त्रणमा लइएको छ । डएसपी वष्णु प्रदीप बँस्यालका अनुसार होली पर्वको अवसर भएपनि निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दै सञ्चालनमा रहेका वदेशी नम्बर प्लेटका ४० सवारी साधनसमेत नियन्त्रणमा लई अनुसन्धान था लएको प्रहरीले जनाएको छ ।

चन्द्रपुर नप्गरपा लका-२ उप्रेती टोल बस्ने नेकपा एमालेका नेता ४३ ब र्षया टेकनाथ उप्रेतीलाई ०८२ फागुन १९ गते आक्रमण गरेको आरोपमा सोहि बडा नयाबस्ती बस्ने २५ वर्षीय वजय थङ्ग वरुद्ध फागुन २० पडीतले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर उजुरी दिनु भएको छ । मध्यराती घरमा बाहिर बोलाएर थङ्गसँग आएको समुहले एक्कासी आफू माथी आक्रमण गरेको पी डत खरेलले बताउनुभयो ।

रौतहट क्षेत्र नं. २ को राजपुर नगरपा लका-९ स्थित बैरिया अनाथालय मतदान स्थलमा फागुन २१ गते अर्काको नाममा भोट हाल्न खोज्ने सोही ठाँउ बस्ने १८ वर्षीय अरजे हयातलाई प्रहरीले गरफ्तार गरेको छ । हयातले महमद आ सकको नाममा मतदान गर्न खोजेको प्रहरीले जानकारी दिएको छ ।

धनुषा

म थला नगरपा लका-९ बडहरीस्थित पुलमा थ रा खएको शंकास्पद वस्तु वष्फोट हुँदा म थला नगरपा लका -८ जमुनीबासकी १५ वर्षीया बा लका आशा भुजेल र आठ वर्षीय बालक सुशील माझी घाइते भएको प्रहरीले बताएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका डएसपी गणेशबहादुर बमका अनुसार वष्फोटमा घाइतेहरुको अवस्था सामान्य रहेको छ ।

धनुषा क्षेत्र नं १ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को तर्फबाट उम्मेदवार कशोरी साहको उम्मेदवारी निर्वाचन आयोगले खारेज गरेको आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिनु भएको छ । साह वरुद्ध परेको उजुरीको आधारमा अनुसन्धान पश्चात बैंक तथा वत्तीय संस्थाको कालोसूचीमा रहेको प्रमाण पुष्टि भएपछि उनको उम्मेदवारी खारेज भएको हो। कर्जा सूचना केन्द्रको अद्याव धक ववरण अनुसार कमल निर्माण सेवा प्रा लका शेयरधनी रहेका उम्मेदवार साहको नाम २०८० मा समेत कालोसूचीमा रहेको थयो । व भन्न मतिमा उनको नाम एकल र संयुक्त रुपमा समेत चेक बाउन्ससम्बन्धी कालो सूचीमा परेका तथ्य ववरणमा उल्लेख रहेको भण्डारीले बताउनु भयो ।

मतदातालाई पैसा बाँडेको आरोपमा फागुन १९ गते धनुषा निर्वाचन क्षेत्र नम्बर ४ का स्वतन्त्र उम्मेदवार राज कशोर महरालाई प्रहरीले गरफ्तार गरेको छ । महरालाई करिब राति १२ बजे क्षरेश्वरनाथ नगरपा लका-४ चन्द्रपुरमा मतदातालाई पैसा बाँ डरहेको अवस्थामा ४८ हजार ५ सय

रु पयाँ नगद र डायरीसहित इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको टोलीले नियन्त्रणमा लएको डीएसपी गणेशबहादुर बमले जानकारी दिनु भयो ।

त्यसैगरी सरकारी गाडीको नम्बर प्लेट परिवर्तन गरी निजी बनाएर प्रयोग गरेको आरोपमा मधेश प्रदेशका पूर्वसभामुख रामचन्द्र मण्डलका ज्वाई रमेश मण्डलाई प्रहरीले ०८२ फागुन १९ गरफ्तार गरेको छ । सशस्त्र प्रहरीको वशेष चेकजाँचका क्रममा म थला बिहारी नगरपा लकाको पुरन्दाहा क्षेत्रबाट मण्डलाई नियन्त्रणमा लइएको प्रहरीले बताएको छ । मण्डलसँगै नियन्त्रणमा लएको गा डको नम्बर बागमती-प्र-०१ ००३२ च ७८९४ ले खएको भएपनि सो नम्बर गलत भएको प्रहरीले जानकारी दिएको छ ।

